**फुकुओका नगरमा बसोबास गर्नुहुने विदेशी नागरिकहरू समक्ष**

**जरुरी**

# फुकुओका नगरमा नागरिक स्वास्थ्य बिमा शुल्कको कर दाखिला बारेमा

जापानमा बिरामी पर्दा या घाउचोट लाग्दा, न्यून खर्चमा ढुक्क भएर चिकित्सा उपचार मिल्ने गरी, सबै नागरिकले सार्वजनिक चिकित्सा उपचार बिमा प्रणालीमा सामेल हुनु पर्ने बनाइएको छ।

तीन महिना नाघ्ने गरी जापानमा रहन स्वीकृति पाएका व्यक्तिले, कम्पनीको स्वास्थ्य बिमामा सामेल भए बाहेकको समयमा नागरिक स्वास्थ्य बिमामा सामेल हुनु पर्दछ। बसोबास रहेको वार्डको वार्डपालिका मार्फत प्रक्रिया अपनाउनु पर्दछ।

फुकुओका नगरको नागरिक स्वास्थ्य बिमामा सामेल भइरहेका व्यक्तिले बिमा शुल्क तिर्नु पर्दछ। बिमा शुल्क भनेको तपाईंहरूकै चिकित्सा उपचार खर्चमा प्रयोग हुने महत्त्वपूर्ण वित्तीय स्रोत हो। बिमा शुल्क अघिल्लो वर्षको आयहरू अनुसार निर्धारण हुन्छ।

सामले हुने प्रक्रिया अपनाए पश्चात् बसोबास रहेको ठेगानामा नागरिक स्वास्थ्य बिमा शुल्क निर्धारित सूचना पत्र पठाइने छ। रकम र दाखिला म्याद निश्चय गर्नुहोला। (तल दायाँपट्टि राखिएको निलो रङ्गको खाममा राखेर पठाइन्छ।)

बिरामी पर्दा या घाउचोट लाग्दा ढुक्कसित चिकित्सा उपचार गर्न मिल्ने गरी, कर दाखिला म्याद भित्रमा बिमा शुल्क खाताबाट अटोमेटिक ट्रान्सफर गरेर वा कर दाखिला पत्र (नोउफु-स्यो) मार्फत कर दाखिला गर्नुहोस्।

**[निर्धारित सूचना पत्रको खामको दृष्टान्त]**




**सावधान!**

**●बिमा शुल्कको बक्यौता राखिराख्यो भने.....**

- ○ म्याद भित्र कर दाखिला गर्ने व्यक्तिसँग दाँज्दा भेदभावको अवस्था सिर्जना नहोस् भनेर चाँडो कर दाखिला गर्न लगाउनु पर्ने हुन्छ। त्यसको लागि ताकिता पुर्जी पठाउने, कर दाखिला गर्नु भएको छ छैन भनेर फोन या SMS मार्फत सोध्ने गरिन्छ। म्याद नघाएर कर दाखिला गर्दा विलम्ब शुल्क लिइने गरिन्छ।
- ○ तपाईंहरूसँग भएको सम्पत्ति छानबिन गरेर, बचत रकम या तलब जफत गरिनेसम्म हुनसक्ने भएकोले, सावधानी अपनाउनु होस्।
- ○ जाइऱ्यू कार्ड नवीकरण गर्न नमिल्ने समेत हुने जस्ता दैनिक जीवनयापनमा अप्ठेरो पर्न आउन सक्ने धेरै कुरा हुन्छन्।
- ○ बिमा शुल्कको भुक्तानीमा कठिनाइ आएमा, बसोबास रहेको वार्डपालिकाको बिमा तथा पेन्सन फाँट (होकेन नेन्किन-खा)मा चाँडो परामर्श गर्नुहोस्।

नबुझेको कुरा केही भएमा तलको ठाउँमा सोधपुछ गर्नुहोस्।

**[सोधपुछ स्थल]**

वार्डपालिकाको विदेशी भाषा विशेष साझा फोन नं.: 092-753-6113

समय: सोमवारदेखि शुक्रवार, बिहान 9 बजेदेखि साँझ 5 बजेसम्म

(डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म तथा सार्वजनिक बिदा बाहेकका दिनहरू)

***अङ्ग्रेजी, चिनियाँ, दक्षिण कोरियाली, भियतनामी, नेपाली भाषाहरूमा सोधपुछ गर्न सकिन्छ।**